**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ अक्टुबर २०२४

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

1.प्रधानमंत्री नरेंद्र मोदीले केंद्र सरकारको लक्ष्य विकसित भारतको निर्माण गर्नु रहेको बताउनुभएको छ ।

**2.**उपराष्ट्रपति जगदीप धनखडले पूर्वोत्तर क्षेत्र- देशको ह्दय अनि आत्मा रहेको बताउनुभएको छ ।

**3**.हरियाणा विधानसभा चुनावको लागि हिज लगभग 67 प्रतिशत मतदान भएको छ। **हरियाणा सितै जम्मू-कश्मीर विधानसभा चुनावको मतगणना पनि आगामी मंगलवार हुनेछ।**

**4**.नवीन अनि नवीकरणीय ऊर्जा मंत्री प्रह्लाद जोशीको तीन दिनको जर्मनी यात्रा आज देखि शुरु भैरहेको छ।

**प्रधानमंत्री- मुंबई**

प्रधानमंत्री नरेंद्र मोदीले भन्नुभएको छ कि विकसित भारतको लक्ष्य प्राप्त गर्नको लागी मुंबई अनि ठाणे जस्ता शहरहरुलाई भविष्यको लागी तैयार गर्नु आवश्यक छ। महाराष्ट्रको ठाणे जिल्लामा 32 हजार 8 सय करोड़ रुपियाँ भन्दा अधिकको परियोजनाहरुको लोकार्पण अनि शिलान्यास गर्नुहुदै श्री मोदीले भन्नुभयो कि केंद्र सरकारको लक्ष्य विकसित भारतको निर्माण गर्नु हो।

*BYTE*

श्री मोदीले 30 हजार करोड़ रुपियाँ भन्दा अधिकको मुंबई एमएमआर परियोजनाहरु शुरू गर्नुभयो अनि 12 हजार करोड़ रुपियाँ भन्दा अधिकको ठाणे इंटीग्रल रिंग मेट्रो रेल परियोजनाको आधारशिला राख्नुभयो।श्री मोदीले नवी मुंबई हवाई अड्डेको प्रभाव अधिसूचित क्षेत्र परियोजनाको पहिलो चरणको आधारशिला पनि राख्नुभयो। यस माथी लगभग 2 हजार 500 करोड़ रुपियाँको लागत आउनेछ। यस भन्दा पुर्ब श्री मोदीले वाशिममा बिभिन्न विकास परियोजनाहरुको शुरुआत गर्नुभयो अनि प्रधानमंत्री-किसान सम्मान निधि को 18 ओ किस्ती जारी गर्नुभयो। प्रधानमंत्रीले वाशिमको पोहरादेवीमा बंजारा समुदायको समृद्ध विरासत दर्शाउने बंजारा विरासत संग्रहालयको पनि उद्घाटन गर्नुभयो।

****** ० ******

**उपराष्ट्रपति - पूर्वोत्तर**

उपराष्ट्रपति जगदीप धनखडले पूर्वोत्तर क्षेत्र- देशको ह्दय अनि आत्मा रहेको बताउनुभएको छ । नयाँ दिल्लीमा एक कार्यक्रमलाई संबोधित गर्नुहुदै श्री धनखडले भन्नुभयो कि पूर्वोत्तर केवल एक भौगोलिक क्षेत्र मात्र नरहेर संस्कृति, परम्परा अनि प्राकृतिक सुन्दरताको एक जींवत चित्र हो जसले भारतको मूल तत्वलाई दर्शाउदछ । उपराष्ट्रपतिले यस क्षेत्रको समृद्ध आध्यात्मिक अनि प्राकृतिक विरासतको उल्लेख गर्नुभयो। उहाले यसको जीवंत संस्कृति, विशिष्ट खान-पान अनि यहांका मानिसहरुको ऊर्जाको सराहना गर्नुभयो। श्री धनखडले हालै असमियालाई एक शास्त्रीय भाषाको मान्यता दिईएको पनि उल्लेख गर्नुभयो। उहाले भन्नुभयो यो मान्यताले एक सकारात्मकताको संचार गर्दछ । यसले राष्ट्रको समृद्ध सांस्कृतिक विरासत अनि विविधतालाई दर्शाउदछ । उपराष्ट्रपति धनखडले मीडियालाई पूर्वोत्तरको दूत बन्ने आग्रह गर्नुभएको छ। उहाले मीडिया कर्मिहरु सित पर्यटन अनि विकासमा क्षेत्रको संभावनाहरु खोज्ने पनि अपील गर्नुभएको छ।

****** ० ******

**हरियाणा-मतदान प्रतिशत**

हरियाणा विधानसभा चुनावको लागि हिज लगभग 67 प्रतिशत मतदान भएको छ। राज्य विधानसभाको सबै 90 सीटहरुको लागि एकै चरणमा भएको मतदान प्राय शांतिपूर्ण रह्यो। सौ वर्ष भन्दा अधिक उमेर पुगेका धैरै मानिसहरुले पनि मतदानमा उत्साहपूर्वक भाग लिए। पहिलो पल्ट, यस चुनावमा दिव्यांग अनि 85 वर्ष भन्दा अधिकका नागरिकहरुलाई घर बाटै मतदान गर्ने सुविधा दिईएको थियो। हरियाणा सितै जम्मू-कश्मीर विधानसभा चुनावको मतगणना पनि आगामी मंगलवार हुनेछ।

****** ० ******

**झारखंड भाजपा**

झारखंड भाजपाले हिज आगामी विधानसभा चुनावको लागी आफ्नो घोषणापत्रको पंच प्रण जारी गरेको छ। झारखंड विधानसभा चुनावका प्रभारी शिवराज सिंह चौहान अनि सह-प्रभारी हिमंत बिस्व सरमाको उपस्थितिमा संक्षिप्त घोषणापत्र जारी गरियो। राज्य भाजपा प्रमुख बाबूलाल मंराडीले भन्नुभयो कि राज्यका प्रत्येक महिलालाई को "गोगो दीदी योजना" अंतर्गत प्रत्येक महिना 2 हजार 100 रुपियाँ दिईने छ। बेरोजगार स्नातक अनि स्नातकोत्तर युवाहरुलाई 2 वर्ष सम,सम्म प्रत्येक महीना 2 हजार रुपियाँ दिईनेछ। पांच बर्षहरुमा पांच लाख रोजगार सृजित गरिनेछ।

****** ० ******

**विदेशमंत्री सुब्रह्मण्यम जयशंकर**

विदेशमंत्री डॉक्टर सुब्रह्मण्यम जयशंकरले भन्नुभएको छ कि पाकिस्तानको इस्लामाबादमा आगामी 15 अक्तूबर देखि शुरू हुने शंघाई सहयोग संगठनको शिखर बैठक अवधि भारतले, पाकिस्तान सित आफ्नो सम्बन्धहरु बारे चर्चा गर्नेछैन। नयाँ दिल्लीमा आज डॉक्टर जयशंकरले भन्नुभयो कि शिखर बैठकमा उहाको भागीदारी बहुपक्षीय सम्बन्धहरुमाथि केन्द्रित रहनेछ। उहाले भन्नुभयो- सार्कको मामलामा प्रगति भएको छैन किनभने हालको बर्षहरुमा बैठकहरु हुन सकेको छैन। यसको कारण येहीनै हो कि एक सदस्य देश अर्को देश बिरुद्द सीमापार आतंकवादमा संलिप्त छन्।

****** ० ******

**प्रह्लाद-जर्मनी भ्रमण**

नवीन अनि नवीकरणीय ऊर्जा मंत्री प्रह्लाद जोशीको तीन दिनको जर्मनी यात्रा आज देखि शुरु भैरहेको छ। उहाले हैम्बर्गमा , 2 दिनको **सस्टेनेबिलिटी कांफ्रेंस** मा भाग लिनुहुनेछ। श्री जोशी जर्मनी अनि ब्रिटेनका मंत्रिहरु तथा अन्य अधिकारिहरु सित ग्रीन हाइड्रोजन, कम्ति लागतमा धन उपलब्ध गराउने अनि नवीकरणीय ऊर्जाको क्षेत्रमा सहयोग बढ़ाउने बिषयमाथि चर्चा गर्नुहुनेछ। यस यात्राको उद्देश्य जर्मनी सित सम्बन्धहरुलाई प्रगाढ बनाउनु, व्यापारिक अवसर सृजित गर्नु अनि नवीकरणीय ऊर्जाको विस्तारलाई गति प्रदान गर्नु हो।

****** ० ******

**मालदीव-राष्ट्रपति**

मालदीवका राष्ट्रपति मोहम्मद मुइज्जू पाँच दिने भारत भ्रमणमा आज नयाँ दिल्ली आउनुहुनेछ। उहाँले राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमंत्री नरेन्द्र मोदी सित भेट गरि आपसी हितको द्विपक्षीय, क्षेत्रीय र अंतरराष्ट्रीय मुद्दाहरुमा चर्चा गर्नुहुनेछ।श्री मुइज्जू बेंगलुरु र मुम्बईमा आयोजीत हुने व्यापारिक कार्यक्रमहरुमा पनि सहभागी हुनु हुनेछ।प्रधानमंत्री नरेन्द्र मोदीको **सागर** र **पड़ोसी प्रथम** नीतिको लागी मालदीव हिंद महासागर एउटा महत्वपूर्ण देश हो। **सागर** कार्यक्रम हिंद महासागर क्षेत्रको सुरक्षा र समृद्धिको लागी निर्माण गरिएको हो। विदेश मंत्रीले हालै मा मालदीवको भ्रमण गरेका थिए।श्री मुइज्जूको भारत यात्राले दुइ देशहरु बीच सहयोगको गति मिलने संभावना छ।

****** ० ******

**आईएएफ एयर शो**

वायुसेनाले आज चेन्नईको **मरीना बीच**मा बिहान 11 बजे आएएफ एयर-शोको आयोजन गर्नेछ। यो आयोजन 92औ वार्षिक वायुसेना दिवस समारोहको शुभारंभको अवसरमा गरिनेछ।यस शोमा लड़ाकू विमान तेजसए मिराजए सुखोई 30 एमकेआईए जगुआरए पोसीडॉन विमान र नवीनतम प्रचंड हेलीकॉप्टर सहित जेट 72 विमान शामेल छन्।15 लाख मनिश् हरुले हेर्ने अनुमान गरिएको यस शोलाई **लिम्का बुक ऑफ रिकॉर्ड** मा दर्ता गर्ने लक्ष्य राखिएको छ।

****** ० ******

**इस्राइ- ईरान**

इस्राइली सेनाले बिभिन्न मोर्चाहरुमा आफ्नो अभियान तिब्र गर्ने संकेत दिएको छ। इस्राइलद्वारा हालैमा भएको मिसाइल

हमलाको जवाबमा ईरान माथि गंभीर जवाबी कार्रवाही गर्ने सम्भावना छ।

*BYTE*

एक अन्य घटनाक्रममा , अमेरिकी सेंट्रल कमांड बलहरुले यमनको ईरानी समर्थित, हौथि-नियंत्रित क्षेत्रहरुमा 15 हौथि ठिकानाहरुमा हमला शुरु गरेको छ । हमलामा हौथि सैन्य क्षमताहरुलाई निशाना बनाईएको छ।

****** ० ******

**नाइजीरिया-हैजा**

यस वर्षको जनवरी देखि सितंबर महिना सम्म नाइजीरियाको 33 राज्यहरुमा हैजाको प्रकोपको कारण 359 जनाको मृतु भएको छ। नाइजीरियाको राजधानी अबूजामा , नाइजीरिया सेंटर फॉर डिजीज कंट्रोल एंड प्रिवेंशन-एनसीडीसी ले बताए अनुसार संदिग्ध मामलाहरुको संख्या यस वर्ष बढेर 10 हजार 8 सय 37 भएको छ। नाइजीरियाको घना जनसंख्या भएको क्षेत्रहरुमा शुद्ध पानीको आभावको कारण हैजा फैलिने खबरहरु आउने गर्दछ । एनसीडीसीले राज्य प्राधिकारिहरु सित हैजाको तैयारिहरु अनि प्रतिक्रिया योजनाहरु बढ़ाउने तथा आपात स्थितिको प्रबंधनको लागि क्षमता निर्माण गर्ने आग्रह गरेको छ।

****** ० ******

**भारत.पाक महिला टी.२०**

महिला टी२० क्रिकेट वर्ल्ड कपमा आज भारतको भिडन्त दुबईमा चिर प्रतिद्वंद्वी पाकिस्तान सितहुनेछ। मैच भारतीय समयानुसार दिउसो ३ बजेर 30 मिनटदेखि शुरू हुनेछ। जहाँ शुक्रवार खेलिएको मैचमा भारत न्यूजीलैंड बिरुद्ध आफ्नो पहिलो मैच हारेको थियो भने पाकिस्तानले आफ्नो शुरुआती मैचमा श्रीलंका माथि जीत हासिल गरेको छ।

****** ० ******

**मौसम**

आज पूर्वोत्तर र दक्षिणी प्रायद्वीपीय भागहरुमा हल्का देखि मध्य वर्षा हुने अनुमान गरिएको छ। मौसम विभाग अनुसारए अरुणाचल प्रदेशए असम, मेघालय, तमिलनाडु, पुडुचेरी, कराईकल, केरल, माहे, रायलसीमा, कर्नाटकको तटवर्ती र दक्षिणी भागहरुमा अघिल्लो 2-3 दिनसम्म विभिन्न स्थानहरुमा भारी वर्षा हुने सम्भावना व्यक्त गरिएको छ। पश्चिम बंगालए सिक्किमए बिहारए झारखंडए कोंकण, गोवा, मराठवाड़ा, तमिलनाडु र पुडुचेरीमा केहि स्थानहरुमा आज भारी बर्षाको साथ बिजुली चम्किने सम्भावना पनि व्यक्त गरिएको छ|

****** ० ******

इस्रायल हमला त्रिपोली

इस्रायलको एक हमलामा हिज उत्तरी लेबनानको त्रिपोली शहरलाई निशाना बनाईएको छ। इस्रायल अनि लेबनानमा जारी तनाव बीच यो पहिलो पल्ट हो जब यस शहरलाई निशाना बनाईएको छ। दक्षिणी लेबनानमा इस्रायली सेनाको जमीनी हमलाको प्रयास गरेकोले बेरूतको उपनगरहरुमा क्रमबद्ध बमबारी गरिएको छ। यस कारण क्षेत्रमा तनाव उत्पन्न भैरहेको छ। इस्रायलले लेबनानमा हवाई हमलामा वृद्धि गरेको छ। इस्रायल-लेबनान हालको बमबारीमा दक्षिणी बेरूतमा हिज्बुल्लाहको गढलाई निशाना बनाईएको छ। इस्रायलले हिज्बुल्लाहको खुफिया मुख्यालय माथि हमला गरेको दावी गरेको छ। इस्रायलले सैयद हसन नसरल्लाह सहित यस गुटको नेतृत्वका प्रमुख सदस्यहरुको हत्या गरिएको बताएको छ। लेबनानको सरकारले बताए अनुसार यस संघर्षको कारण 12 लाख मानिसहरु विस्थापित भैसकेका छन्।

****** ० ******